नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन:०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या:०७८।०७९
चलानी नः

मितिः- २०७८।०५।१९

## चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद)को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धी अध्यादेश, २०७८ को दफा (४), स्थानीय प्रशासन ऐन, २०२८ को दफा (६) को उपदफा (३) र संक्रामक रोग ऐन, २०२० को दफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०५/२१ गते देखि २०७८/०५/३१ गते सम्म चितवन जिल्ला भर लागू हुने गरी तपसिल बमोजिम गर्न/गराउन आदेश जारी गरिएको व्यहोरा अनुरोध छ ।

१. भौतिक रूपमा उपस्थित भई गरिने सबै प्रकारका सभा, सम्मेलन, प्रदर्शन, भेला, जात्रा तथा महोत्सव सञ्चालन गर्न नपाइने । तर कानून बमोजिम गर्नै पर्ने साधरणसभा/सम्मेलन/अधिवेशनको हकमा नेपाल सरकारबाट निर्धारित जनस्वास्थ्यका मापदण्डको पालना गर्ने/गराउने सुनिश्चितता गरी जिल्ला कोभिड-१९ व्यवस्थापन समितिलाई अग्रिम जानकारी गराई सञ्चालन गर्न सकिने ।
२. शैक्षिक संस्था (विद्यालय)ले भौतिक उपस्थितिमा पठन/पाठन गर्न/गराउन नपाउने । तर स्वीकृत स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ मा उल्लिखित बस्तुगत सुचक अनुसार जोखिमको स्कोरिङ तथा विश्लेषण गर्दा विद्यालय सञ्चालन गर्न सकिने अवस्था देखिएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहले जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC)सँग समन्वय गरी पठन/पाठन सञ्चालनको निर्णय गर्न सक्ने । उक्त कार्यविधि अनुरूप विद्यालय सञ्चालन गर्न सकिने देखिए पनि विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा उल्लिखित मापदण्ड पालना हुने र जोखिम नहुने उपयुक्त विधिको सुनिश्चितता गरेर मात्र आगामी आश्विन १ गते पश्चात सञ्चालन गर्न सकिने ।
३. सिनेमा हल सञ्चालन गर्न नपाईने ।
४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा दैनिक नित्यपूजा बाहेक मानिसहरू भेला/जम्मा भई गरिने अन्य धार्मिक तथा सांस्कृतिक एवं सामाजिक गतिविधि सञ्चालन गर्न नपाईने ।
५. पार्टी प्यालेसको हकमा निश्चित मापदण्ड पुरा गरी कुल क्षमताको ५०% मा नबढ्ने गरी बेलुकी ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।
६. होटल रेष्टुरेन्टहरू बेलुकी ९:०० बजे सम्म मात्र नेपाल सरकारले तोकेको जनस्वास्थ्यका मापदण्ड पालना गरेर सञ्चालन गर्न पाइने ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन:०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या:०७८।०७९
चलानी नः

७. होटल, रेष्टुरेण्ट, पसल, उद्योग/व्यवसाय लगायत अन्य जुनसुकै कार्य वा गतिविधि सञ्चालन गर्दा मास्कको अनिबार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, भिडभाड नहुने सुनिश्चितता सम्बन्धित व्यवसायी वा सञ्चालकले गर्ने । जनस्वास्थ्यका मापदण्ड पालना नगरेको पाइएमा अनुगमन समितिको सिफारिसमा त्यस्ता पसल/व्यवसायलाई यस निषेधाज्ञा अवधिभर बन्द गराइने ।

८. कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact Tracing) मा परेका व्यक्तिहरूले नेपाल सरकारले निशुल्क व्यवस्था गरेको एन्टिजेन परीक्षणका लागि सम्बन्धित स्थानीय तह/अस्पतालमा सम्पर्क गरी परीक्षण गराउने वा पि.सी.आर. गराउने ।

९. कोभिड-१९ कंक्रमणको रोकथाम तथा नियन्त्रणका लागि क्रियाशील सम्बद्ध पक्षको सहयोग तथा समन्वयमा सञ्चालित मास्क अभियानलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिने ।

१०. संक्रमणमा घट/बढ भएमा यस आदेशमा भएका व्यवस्थाहरू जुनसुकै बेला पुनरावलोकन गर्न सकिनेछ ।

११. यस आदेशको अवज्ञा तथा उल्लघन हुने गरी कुनै गतिविधि गरेको/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१२. उल्लिखित आदेशको पालना तथा कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय तथा सहजीकरण हुन सम्बद्ध सबै सरोकारवाला तथा आम चितवनबासी दिदीबहिनी तथा दाजुभाइ समक्ष हार्दिक अनुरोध छ ।

२०७९।०५।१३
प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी